**नेपाल सरकार**

**धनगढी उप-महानगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**प्रदेश नं. ७, कैलाली**

**उप-महानगरपालिका क्षेत्र भित्रको नगर फोहर व्यवस्थापन गरी फोहर बाट ऊर्जा उत्पादन गर्नको लागि योग्य आवेदक (लगानिकर्ता) छनौट गर्ने सम्बन्धि सुचना**

प्रथम पटक प्रकाशित मिति: २०७४/४/१६

१) नेपाल सरकारले विश्व वैंकबाट Scaling Up Renewable Energy Program (SREP):Extended Biogas Project को लागि अनुदान प्राप्त गरेको र सो को केहि अंश यस उप-महानगरपालिका भित्र उत्पादन हुने फोहरलाई व्यवस्थित गरी ऊर्जा उत्पादन गर्ने कार्यका लागि अनुदान स्वरुप खर्च गर्न चाहेको हुँदा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँगको सहकार्यमा विश्व वैंकबाट स्वीकृत विधि एवं प्रक्रिया बमोजिम देशका सम्पूर्ण योग्य लगानीकर्ताहरुको लागि यस उपमहानगरपालिका बाट योग्यता सम्बन्धि यो सुचना आह्वान गरिएको छ।

२) धनगढी उप-महानगरपालिका सुदूरपश्चिमाञ्चल क्षेत्रको एक उप-महानगरपालिका हो, जहाँ बाक्लो बस्ती र व्यापारिक गतिविधिहरु मौजुदा रहेका छन्। यसबाट दैनिक रुपमा उल्लेखनीय परिमाणमा बिभिन्न प्रकारको फोहर उत्पादन भैरहेको छ। स्थानीय स्वायत्त शासन ऐन, २०५५ र फोहरमैला व्यवस्थापन ऐन २०६८ ले उपमहानगरपालिकालाई यस्तो फोहरको व्यवस्थापन गर्ने अधिकार दिएको छ, तदनुसार यस उपमहानगरपालिकाले नगर क्षेत्रमा उत्पन्न फोहर बाट ऊर्जा उत्पादन गर्ने लक्ष्य लिई वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग सहकार्य गरेको छ।

३) यस प्रक्रियामा सहभागी हुन इच्छुक आवेदकहरुले धनगढी उप-महानगरपालिका कार्यालय, धनगढी, कैलाली वा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, खुमलटार, ललितपुरबाट लिखित निवेदन पेश गरी योग्यता सम्बन्धि कागजातहरु प्राप्त गर्न सक्नेछन्। निवेदनको साथमा कम्पनी/फर्म दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर र मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रहरुको प्रतिलिपि पेश गर्नुपर्नेछ। योग्यता सम्बन्धी कागजातहरु यो सुचना प्रकाशित भएको मितिले २९ औं दिनको १२ बजे सम्म उप-महानगरपालिका कार्यालय वा केन्द्रबाट रु १ हजार मा खरिद गर्नु पर्नेछ।

४) यस कार्यको पूर्व बोलपत्र बैठक मिति २०७४/५/४ का दिन २ बजे उप-महानगरपालिका कार्यालयमा हुनेछ।

५) योग्यता सम्बन्धी आवेदन तथा कागजातहरु सीलबन्दी रुपमा मिति २०७४/५/१४ का दिन १२ बजे भित्र उप-महानगरपालिका कार्यालयमा बुझाउनुपर्नेछ। ढिलो गरी प्राप्त कागजातहरु उपर कारवाही गरिने छैन।

६) सीलबन्दी गरिएका कागजातहरु उपस्थित हुन चाहेका आवेदकहरुको रोहवरमा मिति २०७४/५/१४ का दिन १ बजे उप-महानगरपालिका कार्यालयमा खोलिनेछ। योग्यताका कागजातहरु खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ९० दिनसम्मको लागि मान्य हुनेछन्।

७) योग्यता सम्वन्धि कागजातहरु पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन सोही समय कायम हुनेछ।

८) कुनै वा सबै योग्यताका कागजातहरु स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार उप-महानगरपालिका कार्यालयमा रहनेछ।

९) यस सम्बन्धि थप जानकारी उपमहानगरपालिका कार्यालय वा केन्द्रको निम्न उल्लिखित ठेगानामा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ। योग्यता सम्बन्धि मूल्यांकनका आधारहरु योग्यता सम्बन्धि कागजातमा स्पष्ट उल्लेख गरिएको छ।

**धनगढी उपमहानगरपालिका**
नगरकार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
फोन नं : ०९१-५२०४२९/५२५५०६
इमेलः bhattadeej@yahoo.com
वेवसाइटः
http://www.dhangadhimun.gov.np/

**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
खुमलटार, ललितपुर
फोन नं: ०१-५५३९३९०/५५३९३९१
इमेलः info@aepc.gov.np
वेवसाइटः www.aepc.gov.np